# फालेलुङ राजपत्र

फालेलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ५) थकेपुङ, पाँचथर, असार ८ गते, २०८० साल (संख्याः १


## भाग-२

## फालेलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर

## कोशी प्रदेश, नेपाल

*फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको सम्वत् २०८० साल असार ८ गते शुक्रवार बसेको वैठकको निर्णयानुसार तल लेखिए बमोजिम सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएकोछ ।*

**फालेलुङ गाउँपालिकाको स्थानीय सेवाको तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधि,२०८०**

# फालेलुङ गाउँपालिकाको स्थानीय सेवाको तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधि,२०८०

**प्रस्तावना**:

कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०८० बमोजिम फालेलुङ गाउँपालिकाको स्थानीय सेवामा कार्यरत तहबृद्धिका लागि संम्भावित कर्मचारीहरुको तहवृद्धि सम्बन्धी कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले स्थानीय सेवा (गठन तथा सञ्चालन अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी फालेलुङ गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "फालेलुङ गाउँपालिकाको स्थानीय सेवाको तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधि,२०८०" हुनेछ।

(२) यो कार्यविधि फालेलुङ राजपत्रमा प्रकाशन भएपश्चात फालेलुङ गाउँपालिकामा लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० लाई सम्झनुपर्दछ।

(२) "कर्मचारी" भन्नाले फालेलुङ  गाउँ पालिकाको स्थानीय सेवामा बहालमा रहेको अध्यादेश बमोजिम तहबृद्धि हुने संम्भावित स्थायी कर्मचारीलाई सम्झनुपर्दछ।

(३) "कार्यालय" भन्नाले फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(४) "गाउँपालिका" भन्नाले फालेलुङ गाउँपालिकालाई सम्झनुपर्दछ।

(५) "गाउँ कार्यपालिका" भन्नाले फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ।

(६) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनुपर्दछ।

(७) "मन्त्रालय" भन्नाले मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय विराटनगरलाई सम्झनुपर्दछ।

(८) "परामर्श" भन्नाले अध्यादेशको दफा १५६ को उपदफा २ बमोजिम प्रदेश लोक सेवा आयोगसँग लिईने परामर्श सम्झनु पर्दछ।

(९) "तहबृद्धि" भन्नाले कार्यविधिको नियम ८ र ९ बमोजिम हुने तहबृद्धि सम्झनु पर्दछ।

(१०) "तहबृद्धि हुने कर्मचारी" भन्नाले अध्यादेशको दफा ४(५), ८(१६) र २८ बमोजिमका कर्मचारीलाई सम्झनुपर्दछ।

(११) "कितावखाना" भन्नाले प्रदेश किताबखाना लाई सम्झनु पर्दछ।

**३. सूचना प्रकाशन गर्नुपर्नेः**

(१) कर्मचारीको तहवृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गर्नु पर्नेछ। सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै सम्बन्धित स्थानीय तहले आफ्नो वेवसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचनापाटी, सबै वडा कार्यालयहरुको सूचनापाटी, गाउँपालिकाको वेवसाइट आदिमा प्रकाशन, प्रशारण गर्नुपर्नेछ।

**४. सिफारिस समितिः**

(१) अध्यादेश बमोजिम तहवृद्धि गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा अध्यादेशको दफा २८ को उपदफा (३) बमोजिम तहवृद्धि सिफारिस समिति गठन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्यालयको कर्मचारी प्रशासन हेर्ने कर्मचारीले काम गर्नेछ। यदि प्रशासन शाखा हेर्ने कर्मचारी तहबृद्धि हुने सम्भाव्य उम्मेरद्वार भए अर्को सेवा समुहको कर्मचारीलाई तोक्न बाधा पर्ने छैन।

(३) समितिले आफ्नो बैठकमा कर्मचारी प्रशासन हेर्ने शाखाको प्रमुख तथा अन्य कर्मचारीलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धि कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**५. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः**

(१) तहबृद्धि/बढुवा हुने कर्मचारीको न्यूनतम योग्यता र सेवा अवधि अध्यादेशको दफा २८ र २९ बमोजिम हुनुपर्नेछ।

**६. तहबृद्धि सम्बन्धी विशेष व्यवस्थाः-**

(१) अध्यादेशको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्ति-पत्र दिनेछ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौं, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमश: छैटौ आठौँ र दशौ तहमा एक तह वृद्धि गरिनेछ।

(३) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम अधिकृत स्तर सातौं र नवौ तहका पदहरूमा दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बहुवा समितिले बढुवा गर्नेछ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौ तह कायम गरी दिने। यसरी सातौ तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तह कायम वा तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ।

**६. कामकाजमा खटिइका कर्मचारी सम्बन्धी व्यवस्थाः-**

कोशी प्रदेश बाहिर कामकाजमा खटिएको तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह बृद्धि हुनेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह बृद्धि गरिनेछ।

**७. ज्येष्ठता कायमः** तह बृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट ज्येष्ठता कायम हुनेछ।

**८. बाधा अडकाउ फुकाउनेः-**

(१) कार्यविधिको कार्यान्यवनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा बाधा/अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकाको हुनेछ।

**९. तहबृद्धि गर्न नहुनेः** अध्यादेशको दफा ३१ बमोजिम देहायको अवस्था भएका कर्मचारीको तहबृद्धि गर्न पाइने छैन।

(१) दफा ६ बमोजिम दरखास्त फारम तथा अन्य कागजात जाँचबुझ गर्दा निम्न बमोजिम मापदण्ड पुरा भएको देखिएमा समितिले कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्नुपर्नेछः

क. तह बृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधी पूरा भएको,

ख. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा नब्बे प्रतिशत अंक प्राप्त गरेको,

ग. अध्यादेशको दफा २८ को उपदफा (१ ) बमोजिमको शैक्षिक योग्यता हासिल गरेको,

घ. नसिहतको सजाय पाएको भए सो सजाय पाएको एक वर्ष पुरा भएको, तलबवृद्धि वा बढुवा रोक्का भएको भए सो अवधि पुरा भएको.

ङ. असाधारण विदामा नबसेको,

च. निलम्बनमा नपरेको,

छ. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको अवधि नसकिएको (आवश्यक हुनेको हकमा)

**१०. जानकारी दिनुपर्नेः**

(१) यस कार्यविधिक बमोजिम गरिएको तहबृद्धि/बढुवाको जानकारी निर्णय भएको मितिले पन्ध्र (१५) दिनभित्र मन्त्रालय, लोक सेवा आयोग तथा किताबखानालाई जानकारी दिनुपर्नेछ।

**११. उजुरी/गुनासोः-**

(१) तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१२. प्रचलित कानून बमोजिम हुनेः-**

(१) यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची-१

## तहबृद्धि/निवेदनको ढाँचा

१. सुचनाको विवरणः

| | |
|---|---|
| तहवृद्धको सुचना नम्वरः-.................... | मितिः-.................. |
| सेवा /समूहः- ............................ | तहवृद्धि हुने तहः- ................. |

२. उम्मेद्वारको विवरणः

| | |
|---|---|
| उम्मेद्वारको नाम, थर (देवानगरीमा): ................. ......................................... | |
| उम्मेद्वारको नाम थर (अंग्रेजी ठूलो अक्षरमा): ................................................ | |
| ठेगाना: .................................... | |
| कार्यालयः ................................ | |
| बावुको नाम: ............ ................ | |
| आमाको नाम: ........... .............. | सेवा समूह/उपसमूह: ..... ..................... |
| बाजेको नाम: ............ ............... | पद:........ |
| नागरिकता प्रमाणपत्र नं: . ............ | कर्मचारी संकेत नं: ........ .................. |
| जारी जिल्ला: ........................... | मोबाइल नं.: ........... ................. |
| जारी मिति: .............................. | |

३.सेवाको विवरणः शुरुदेखी हालसम्म

| क्र.स. | पदको नाम श्रेणी तह सेवा समूह उपसमूह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | देखी | सम्म | असाधारण बिदा बसेको भए सोको अवधी | कसरी आएको खुल्ला बढुवा समायोजन सरुवा | स्थायी नियुक्ति गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

४. हालको तहमा वा समायोजन हुनु भन्दा पहिलेको समान तहको पदमा तहवृद्धीको लागि आवेदन पाउने अन्तिम मितिमा पुग्ने अवधी .........वर्ष .......महिना .....दिन

५. तहवृद्धिका लागि योग्य भए /नभएको अवस्थाः

क. विभागीय कारबाही भएको /नभएको .............

भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस ...........

ख. अध्यादेशको दफा २८ बमोजिम तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको /नगरेको: ...............

ग. असाधारण /अध्ययन विदामा बसेको /नबसेको: ...............

बसेको भए सोको अवधी उल्लेख गर्नुहोस: ..............

घ. निलम्वनमा परेको/नपरेको: ...............

ङ. पेशासँग सम्वन्धित व्यवसायि परिषदको प्रमाणपत्रको अवधी: .... ...............

६. माथि उल्लेखित विवरण ठीक छ/झुटा ठहरे कानुन बमोजिम सहुँला /वुझाउला भनी सहीछाप गर्नेः

| ल्याप्चे सहिछाप | |
|---|---|
| दायाँ | बायाँ |

कर्मचारीको नाम थरः..........................

संकेत नं: .............. ........................

पद: .............. .............. ..............

सही र मिति: .............. ............... ...

अनुसुची-२

**फालेलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**(सामान्य प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा)**

थकेपुङ, पाँचथर

कोशी प्रदेश, नेपाल

मितिः................

**विषयः .........तह कायम गरिएको ।**

महाशय,

तपाईलाई कोशी प्रेदश,स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश २०८० को दफा .....को व्यवस्था तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम फालेलुङ गाउँपालिकाको तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधि,२०८० को दफा......बमोजिम स्थानीय सरकारी सेवाको.....तहको लागि न्यूनतम शैक्षिक योग्यता पुगेकोले प्रचलित कानूनले व्यवस्था गरे बमोजिम ज्येष्ठता कायम हुने गरी तहबृद्धि समितिको मितिः.............गतेको निर्णयानुसार तपसिल बमोजिम पद र तह कायम गरी पदस्थापन गरिएको छ ।

तपाईले आफ्नो सेवा कालमा नेपाल, नेपाली जनता र सरकारप्रति सदैव प्रतिवद्ध, अनुशासित, मर्यादित, निष्पक्ष एवम् उत्तरदायी भई सकरात्मक सोचका साथ प्रचलित कानून बमोजिम कार्य सम्पन्न गर्नु हुनेछ भनि विश्वस लिइएको छ ।

.............तहमा तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना !

| साविकको सेवा,समूह,पद, तह र निकाय | साविकको सेवा,समूह,पद, तह र निकाय |
|---|---|
| | |

श्री

संकेत नं.......

.............................

डम्बर बहादुर आङ्देम्बे

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय क.प्र.शाखा), सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोक सेवा आयोग कोशी प्रदेश, विराटनगर ।

श्री राष्ट्रिय किताबखाना, हरिहर भवन, ललितपुर ।

श्री कर्मचारी सञ्चय कोष, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ ।

श्री प्रदेश कितावखाना कोशी प्रदेश, विराटनगर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथर, फिदिम

श्री आर्थिक प्रशासन शाखा फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय पाँचथर ।

.............................

आज्ञाले

डम्बर बहादुर आङ्देम्बे

प्रमुख प्रशासकीय अधिकृत